## आर्थिक वर्ष २०७५।०७६ को नीति तथाकार्यक्रम
## प्रस्तुत कर्ता- (नगर प्रमुख) हंस राज भट्ट

नगर सभाका सम्पूर्ण सदस्य ज्यूहरु,
नगर सभाका सदस्य-सचिव लगायत सचिवालयका कर्मचारीहरु ।

## खण्ड १-परिचय र समीक्षा

### १.१ पृषठभुमी

नेपालको संविधान २०७२ ले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मुल संरचना संघ,प्रदेश र स्थानिय तह गरि तीन तहको हुने तथा राज्य शक्तीको प्रयोग तीनै तहले संविधान र कानून बमोजिम गर्ने व्यवस्था गरेको छ ।नेपाल सरकारले मिति २०७१ साल बैशाख २५ गते साविकका ब्रह्मदेव,छापरी,काटै,खलंगा र धाप गाविसकाहरु लाई मिलाएर साविक अपि नगरपालिका र राज्य पुन संरचना पश्चात मिति २०७३ साल फाल्गुन २७ गते स्थापना भएको, साविकको अपी नगरपालिका का १,२ र ३ वडाहरु बाहेक र साविकको दत्तु गाविस मिलाएर हालको महाकाली नगरपालिका स्थापना भएको छ ।नेपालकै दुर्गम जिल्लाको रुपमा रहेको दार्चुला जिल्लाको सदरमुकाममा अवस्थीत रहेको यस नगरपालिका भौगोलिक रुपमा विकट छ ।मित्र राष्ट्र भारत सँग सिमा जोडिएको यस नगरपालिकामा विभिन्न भाषा,धर्म र जातजातीको बसोबास रहेको पाईन्छ ।आर्थिक,सामाजिक,धार्मिक, एवं सास्कृतिक रुपमा विकास गर्न क्षेत्रगत रुपमा बजेट विनियोजन गरिएको छ । स्थानीय जनतालाई प्रत्यक्ष फाईदा तथा छिटो प्रतिफल प्राप्त हुने एवं स्थानीय साधन श्रोतको उच्चतम् प्रयोग हुने आयोजना तथा कार्यक्रमहरुलाई प्राथमिकतामा राखि आर्थिक बर्ष २०७५/०७६ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

### चालु आर्थिक वर्षको नीति तथा कार्यक्रमहरुको समिक्षा

१) निजि स्रोत बाट सञ्चालित माध्यमिक तह सम्मका विद्यालयहरुमा शिक्षक व्यवस्थापनका लागि विद्यालय गुणस्तर सुधार सहजकर्ता सम्बन्धी कार्यविधि मार्फत शैक्षिक गुणस्तरमा सुधार ल्याउन प्रयास भएको ।

२) नगर क्षेत्रमा निर्माण हुने व्यक्तिगत, व्यवसायिक तथा अन्य भौतिक संरचनाको अनिवार्य रुपमा नक्सा पास लागु गर्नको लागि **"भवन तथा बस्ती विकास,शहरी योजना निर्माण सम्बन्धी मापदण्ड २०७४"** निर्माण गरिएको ।

३) चालु आर्थिक वर्षमा यस नगरपालिकालाइ खुला दिसा मुक्त क्षेत्र घोषणा गरिएको र पूर्ण सरसफाईका लागि अभियान प्रारम्भ गरिएकोछ ।

४) यस नगरपालिका क्षेत्रभित्रका प्रत्येक वडाहरुमा रहेका काठेपुहरुलाई विस्तापित गरी झोलुङ्गेर RCC पुलमा रुपान्तरण गर्ने नीतिलाई तदारुकताका साथ कार्यान्यवनमा ल्याइएकोछ।

५) नगरपालिका क्षेत्रभित्र विभिन्न समयमा आएको बाढीका कारण बाढी पीडित भएका परिवारहरुलाई लक्षित गरी "**बाढीपीडित परिचय पत्र वितरण निर्देशिका २०७४**" तयार गरि कार्यान्वयनको चरणमा रहेकोछ ।

६) मावन संसाधन विकास मार्फत नगरपालिका स्तरबाट दिइने सेवा सुविधालाई सरल, सहज, छिटो छरितो, कममुल्य र उपयुक्त समयमा दिनको लागि आवश्यक जनशक्ति थप गरिएको तथा प्राप्त जनशक्तिलाई सेवामुखी बनाउन आवश्यक तालिम र प्रोत्साहनको व्यवस्था गरिएकोछ ।

७) स्थानीय उपभोक्ताहरुको अपनत्व र स्व-लगानीको आधारमा ५०/५०% को सहकार्यमा नगरपालिका क्षेत्रका विभिन्न वडाहरुमा धार्मिक स्थलहरुको मर्मत सम्भार एवं निर्माण कार्य अघि बढाइएको छ।

८) यस नगरपालिका क्षेत्रभित्र रहेका विभिन्न ४ वटा झोलुङ्गे पुलहरु हेल्पटाँस नेपाल र यस नगरपालिकाको साझेदारीमा निर्माणको प्रकृया अगाडी बढाइएकोछ ।

९) कृषि क्षेत्रलाई विशेष प्राथमिकतामा राखि नगरपालिका क्षेत्रभित्रका सिंचाई नपुगेका जग्गाहरुमा साना सिंचाई तथा मझौला सिंचाई योजनाहरु निर्माण गरिएका छन् ।

१०) नगरपालिका क्षेत्रमा बसपार्क व्यवस्थापन गर्न पहल भएकोछ।

११) "एक घर एक रुख एक बस्ती एक उद्यान कार्यक्रम" अर्न्तगत विरेन्द्र वनमा रहेको वन क्षेत्रको जग्गामा नगर उद्यान निर्माण कार्य प्रारम्भ भएकोछ ।

## खण्ड २-आगामी आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रम

२.१

### सोच

नगरपालिका क्षेत्र भित्रमा भौतिक पुर्वाधारहरुको विकास गरी आर्थिक,सामाजिक,सास्कृतिक एवम् प्रविधि क्षेत्रमा रुपान्तरण गर्दै शिक्षा,स्वास्थ्य,खानेपानी,कृर्षि,सडक र विद्युतलाई उच्च प्राथमिकता दिई स्व-रोजगार सिर्जना गर्ने सोच रहेको छ ।

### लक्ष्य

नगरपालिका क्षेत्र भित्रका ग्रामिण कृर्षि सडकहरुलाई निरन्तरता एवम् विस्तार गर्दै खानेपानी,शिक्षा,स्वास्थ्य,कृर्षि उद्योग र पर्यटन क्षेत्रको विकास गरि सम्पुर्ण नगरबासीहरुको जीवन स्तरमा सुधार ल्याउने लक्ष्य रहेको छ ।

### उद्देश्य

- रोजगारी तथा आर्थिक बृद्धिका लागी स्व-रोजगार कार्यक्रम मार्फत रोजगार सिर्जना गर्न तर्फ विशेष पहल गरिनेछ ।
- भौतिक तथा आर्थिक पूर्वाधार बिकासका साथै स्वरोजगार कार्यक्रम मार्फत गरिबी न्यूनिकरणमा विशेष जोड दिइने छ ।
- जेष्ठ नागरिक ,एकल महिला, दलित, फरकक्षमता भएका ब्यक्ती, आदिबासी जनजाती, पिछडावर्ग तथा उपेक्षित क्षेत्रको विकासमा जोड दिइ समाबेशी विकासको अवधारणालाई मुर्तरुप दिने ।
- पर्यटकीय गन्तव्यको पहिचान एवम विकास गरि पर्यटन प्रर्बद्धनमा जोड दिईनेछ।
- गरिब, जेहेन्दार,अति बिपन्न, असाहयका साथै दलित बालबालिकाहरुलाई नगर शिक्षा विकास कोष कार्यक्रम मार्फत शिक्षामा पहुँचस्थापित गरिनेछ ।
- दुग्ध मासु र तरकारीमा आत्मानिर्भर बन्ने अभियान अन्तरगत कृषि एवम् पशु कार्यक्रम मार्फत दुग्ध पाकेट क्षेत्र , बाख्रापालन पाकेट क्षेत्र र तरकारी पाकेट क्षेत्र घोषणा गरि कार्यान्वयन गरिनेछ ।
- भ्रष्टाचारमा शुन्य सहनशिलताको निति अबलम्वन गरि नगरपालिकालाई भ्रष्टाचार मुक्त नगरपालिका बनाईनेछ ।
- नगरपालिकाको गौरवको रुपमा रहेको नगर स्टेडियम निर्माण कार्यको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

- सामाजिक सुरक्षा भत्ता र बाल संरक्षण भत्ता वितरण प्रणाली लाई चुस्त दुरुस्त एवम सहज बनाउन बैंकिङ्ग प्रणाली सहित वडा कार्यालयबाट उपलब्ध गराईने व्यवस्था मिलाईनेछ ।
- उद्यम विकास कोष एवम स्व-रोजगार कोषको माध्यमबाट लघु उद्यम क्षेत्रमा विशेष कार्यक्रम सञ्चालन गरि लघु उद्यमी हरुको क्षमता विकास एवम् वेरोजगार युवाहरुलाई लघु उद्यम मार्फत स्व -रोजगार तर्फ आकर्षित गरिनेछ ।

## २.२ वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख नीति तथा आधारहरु

- नेपालको संबिधान २०७२ ले परिलक्षित गरिएका निर्देशन , सिद्धान्त तथा नितिहरु
- स्थानीय सरकार सञ्चालन ऐन २०७४
- राष्टिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन,२०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४
- संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानुन तथा मापदण्डहरु
- स्थानिय तहमा बजेट तर्नुमा,कार्यान्यवन,आर्थिक व्यवस्थापन तथा सम्पति हस्तान्तरण सम्बन्धी निर्देशिका,२०७४
- संघीय,प्रादेशिक र स्थानिय तहको आवधिक विकास योजना
- स्थानिय तहको मध्यकालीन खर्च संरचना
- स्रोत साधन
- विकासका अन्तरसम्बन्धित बिषयहरु
- नेपाल सरकारले अन्तराष्टिय जगतमा जनाएका प्रतिवद्वताबाट सिर्जित दायित्वहरु तथा संघ र प्रदेश सरकारले अबलम्वन गरेका अन्य आर्थिक नीतिहरु
- नगरसभा र कार्यपालिकाबाट पारित भइ स्वीकृत भइ लागू भएका ऐन , नियमावली , कार्यबिधि,निर्देशिका तथा मापदण्डहरु
- आवधिक १४ औं योजनाले निर्धारण गरेका निति तथा कार्यक्रमहरु
- दिगो विकास लक्ष्यले निर्धारण गरेका प्रमुख क्षेत्रहरु
- बस्ति, वडा समिति , बिषय गत समिति हुँदै सहभागितात्मक योजना तर्जुमा प्रकृया द्धारा प्राथमिकिकरण सहित प्राप्त भएका योजना तथा सुझावहरु ।

### २.२.१ समग्र नीतिका आधारहरु

- भौतिक तथा आर्थिक, पूर्वाधार विकासकालागी जल बिधुत तथा स्थानीय सडकलाई उच्च प्राथमिकता दिइ कार्यान्वयन गर्दै लैजाने ।
- एकिकृत अनुगमन प्रणाली मार्फत संचालीत आयोजना तथा कार्यक्रम हरुको प्रभावकारीता र गुणस्तर बृद्धिगर्ने ।
- जनतालई प्रत्यक्ष फाइदा हुने तत्काल प्रतिफल मिल्ने रोजगारी सृजनाहुने खालका योजनालाई प्राथमिकता दिने ।
- नगरपालिकाको समग्र विकासकालागी नगरविकास गुरु योजना निर्माण गरि कार्यान्वयनमा ल्याइने ।
- नगरपालिकाबाट आम जनतालाइ दिइने सेवा सुविधा सहजरुपमा जनताको घरदैलोमा पुऱ्याउनेकार्यलाई उच्च प्राथमिकता दिई कार्यान्वयन गरिने ।
- नेपालको संबिधान २०७२ बमोजिम स्थानीय तहको अधिकार सूचिमा परेका सम्पूर्ण क्षेत्रहरुलाइ प्राथमिकताकासाथ कार्यान्वयन गर्दै लैजाने ।

### २.२.२ क्षेत्रगत नीति तथा आधारहरु

(क) **आर्थिक क्षेत्र**

- सार्वजनिक निजि र सहकारी क्षेत्रको सहभागीता,साझेदारी र स्वतन्त्र विकास मार्फत नगर क्षेत्रको अर्थतन्त्रको सुदृढ गर्ने ।
- किसानको हक हित संरक्षण र सम्बर्द्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउने निति लिदै यसै आ.व ०७५/०७६ बाट कृषक पेन्सन कोष निर्देशिका तयार गरी कार्यन्यवनमा ल्याईनेछ ।
- नगर अर्थतन्त्रको विकासकालागी घरेलु उद्योगको विकास गरीस्थानीय श्रम सिप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाइ प्रोत्साहन गरिनेछ ।
- नगरपालिका अर्न्तगत रहेका सहकारीहरुको तथ्याङ्क् संकलन एंव बर्गिकरण गर्दै कम्तीमा एक वडा एक व्यवस्थित सहकारीको नीति अबलम्वन गरिनेछ ।
- उद्योग बाणिज्य सँघ संगको सहर्कायमा नगर क्षेत्र भित्रका उद्योग तथा व्यवसाय संग सम्बन्धित सस्था एवम फर्म हरुको अभिलेखन गरि करको क्षेत्र फराकिलो बनाइनेछ ।
- प्रमुख धार्मिक पर्यटकीय सम्भावना बोकेको डुङरी मन्दिर क्षेत्रलाई महाकाली नगरपालिकाको गौरवको आयोजनाका रुपमा लिई आवश्यक बजेटको व्यवस्था मिलाईनेछ ।
- महाकाली बाढी लगायत विभिन्न बाढी बाट आफ्नो घर सम्पती एवम परिवारका सदस्यहरु गुमाएका बाढी पिडित परिवारहरुलाई बाढी पिडित परिचय पत्र वितरण गरी बाढी पिडित परिचय पत्र निर्देशिकाले व्यवस्था गरे बमोजिम सहुलियत एवम सुविधा दिईनेछ ।
- कृषिका कार्यक्रमहरु कृषक समुह वा सहकारी मार्फत कृषकको माझमा लैजाने, महिला कृषक समुहहरुलाई बढी सक्रिय बनाउने र बीउ विजन उत्पादनको कार्यक्रम ल्याई विउ विजनको व्यवस्था गरिनेछ ।
- उत्पादकत्व वृद्धी गर्न नक्ष्ल सुधार , पशु स्वास्थ्य सेवा, पशुपंक्षी रोग नियन्त्रण तथा उपचार सेवालाई संचालन तथा प्रवर्द्धन गरिने ।
- महाकाली नगरपालिकाको वडा नं. १ अर्न्तगत रहेको छापरीमा स्थानीय गौरबको आयोजनाको रुपमा भ्यु-टावर निर्माण गर्न यसै आर्थिक वर्षमा आवश्यक बजेट विनियोजन गरिनेछ ।

**ख) सामाजिक क्षेत्र**

- नगर शिक्षा कोष मार्फत गरिब जेहेन्दार असहाय टुहुरा विद्यार्थिको विद्यालयमा पहुच सुनिश्चितता गर्न छात्रबृतिको ब्यवस्था गरिनुका साथै नगरपालिका भित्रका विद्यालयहरुको शैक्षिक स्तरमा सुधार ल्याईनेछ ।
- जनप्रतिनिधिहरुको हितलाई ध्यानमा राख्दै जनप्रतिनिधिहरुले प्राप्त गर्ने सुविधाको रकमबाट २ प्रतिशत रकम कट्टा गरी योगदानमा आधारित जनप्रतिनिधि कल्याण कोष स्थापना गरिनेछ सो कोषको संचालन कार्यविधि मार्फत व्यवस्थित गरिनेछ ।
- नगर क्षेत्र भित्र चौमासिक रुपमा निःशुल्क स्वास्थ्य शिविर संचालन गरि गरिब,अपाङग,असहाय, बालबालिका जेष्ठ नागरिक एवं सम्पूर्ण नगरबासीहरुलाई सहज उपचारको व्यवस्था मिलाईनेछ ।
- नगर क्षेत्र भित्र स्वच्छ र सफा खानेपानीको सुनिश्चताका लागि अल्पकालिन र मध्यकालिन योजनाको निर्माण गरिनेछ।
- बालमैत्री स्थानिय शासन कार्यक्रमलाई अबलम्वन गरि नगर क्षेत्रमा बनी सकेका विद्यालयहरुमा बालमैत्री संरचना तयार गर्न प्रोत्साहीत गर्नुको साथै नयाँ निर्माण हुने भौतिक संरचनाहरुलाई बालमैत्री बनाउन लगाईनेछ ।

- खेलकुद क्षेत्रको विकासका लागि खेलकुद सँग सम्बन्धित संध सस्थाहरुसँग समन्वय र सहकार्य गरि खेलाडीहरुको लेख क्षमता विकास गर्न पहल गरिनेछ ।
- नगर बासीहरुको यातायातमा सहज पहुँच पुर्याउनका निमित्त नगर क्षेत्रभित्र नगर बस संचालनमा ल्याईनेछ ।
- दलित, जनजाती,महिला, अपाङ्ग,पिछडिएको क्षेत्र तथा बर्ग लगायत उपेक्षित समुदायको जिवन स्तर बृद्धिका लागि विशेष कार्यक्रम लागु गरिएनेछ ।

ग) **पुर्वाधार क्षेत्र**

- नगरपालिकाका प्रत्येक वडाका वस्तीहरुमा पाँच बर्ष भित्र सडक बिस्तार गरिने नीतिलाई निरन्तरता दिदै सडकहरुको विस्तृत परियोजना प्रतिवेदन (DPR) एवं वातावरणीय प्रभाव मूल्याङ्कन (IEE) गरी योजना कार्यन्वयनमा ल्याईनेछ ।
  - प्रत्येक वडामा प्रति वर्ष ३ वटा काठे पूललाई RCC, झोलुङ्गे पुलमा रुपान्त्तरण गरि काठे पुल बिस्तापन गरिने नीतिलाई निरन्तरता दिईने छ ।
  - नगरपालिका क्षेत्र भित्र विद्युत र टेलिफोन पँहुच नपुगेका वडाहरुमा विद्युत तथा टेलीफोनको पहुँच निकट भविश्यमा पुऱ्याउन पहल गरि सम्पूर्ण सार्वजनिक सेवाहरुमा सुचना प्रविधिमा आधारित शासन व्यवस्था (ICT Based Governance) बनाउन तर्फ विषेश जोड दिईनेछ ।

घ) **वातावरण तथा विपद् व्यवस्थापन**

- जल उत्पन्न प्रकोप नियन्त्रण र नदिको व्यवस्थापन गर्दै दिगो र भर पर्दो सिंचाईको व्यवस्था गर्ने ।
- प्राकृतिक प्रकोप (बाढी , पहिरो भुकम्प) बाट हुने जोखिम न्यूनिकरण गर्न पूर्व सूचना प्रणाली जडान गर्न पहल गरिनेछ ।
- कुहिने र नकुहिने फोहोरलाई छुट्टाछुट्टै विसर्जनको व्यस्थापन गरि फोहोरलाई मोहर बनाउने नीति अवलम्बन गरिनुका साथै फोहोर विसर्नज स्थल (LandFill Sites) को निर्माण गरि स्वच्छ सफा नगरको विकास गरिनेछ ।
- जलवायु र माटो अनुकुलको खाद्यान्न उत्पादनलाइ प्रोत्साहन गर्दै खाद्यान्नको दिगो उत्पादन सुलभ आपुर्ति तथा प्रभावकारी बितरणको व्यवस्था गरिनेछ ।
- फोहोरमैलाको संकलन एवं व्यवस्थापनका लागि स्थानिय समुदाय, गैर सरकारी संध सस्था र निजि क्षेत्र सँग सहकार्य गरिनेछ ।
- नगरको सुन्दरता कायम राख्न हरियाली वृद्धी गर्न साझेदारीमा वृक्षारोपण तथा संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।
- "एक घर एक रुख एक बस्ती एक उद्यान कार्यक्रम" अन्र्तगत विरेन्द्र वनमा रहेको वन क्षेत्रको जग्गामा नगर उद्यान निर्माण गर्नका लागि आवश्यक बजेट विनियोजन गरिनेछ।
- आग लागि, भुकम्प, झाडापखाला, महामारी चट्टयाङ एच. आइ. भी. एड्स आदिको संभावना, जोखिम र यसको न्युनिकरण गर्न जनचेताना अभिवृद्धीका कार्यक्रम सञ्चालन गरिनेछ ।

ङ) **संस्थागत विकास,सेवा प्रवाह र सुशासन**

- मानव संसाधनको विकास मार्फत नगरपालिका स्तरबाट दिइने सेवा सुविधालाई सरल सहज छिटो छरितो कम मुल्य र उपर्युक्त समयमा मुस्कान सहित सेवा(Service with smile)दिने नीति लिइनेछ ।

- संघीय संरचना र आवश्यकता अनुरुप नगरपालिकाको भवन संरचना, वडा संरचनाको विकास गरि ICT Based Governance तर्फ थप जोड दिईनेछ ।
- सार्वजनिक सेवा प्रवाहको मेरुदण्डका रुपमा रहेका नागरिक वडापत्र, सेवा प्रवाहका मापदण्डहरुको निर्धारण एवं सेवा प्रवाहमा विद्युतिय सूचना प्रविधिको प्रयोग गरिनेछ
- राज्यले प्राथमिकता दिएको सहभागिता र समावेशी नीतिलाई प्राथमिकताका साथ पालना गरिनेछ।
- चुस्त दुरुस्त एंव जनमुखी प्रशासनमा जोड दिईनेछ र समय सापेक्ष जनशक्ती र संगठन विकास योजना बनाई लागु गरिनेछ ।
- कर्मचारीहरुलाई काम प्रति उत्प्रेरित र उत्साहित गर्दै उनीहरुको मनोबल उच्च बनाउदै उनीहरुको क्षमताको उच्चतम प्रयोग गर्ने वातावरण सिर्जना गरि उत्कृष्ट काम गर्ने कर्मचारीहरुलाई पुरुस्कृत गर्ने नीति अबलम्वन गरिनेछ ।
- नगरपालिकाको काम कार्वाहीमा पारदर्शिताका लागि पत्रपत्रिका,वेभसाइट, तथा रेडियो बाट सूचना प्रकाशन/प्रसारण गरि नगरबासी लाई सू-सुचित गरिनेछ ।
- सेवाग्राहीहरुलाई सहज र सुलभ तरिकाले सेवा प्रदान गर्न मुख्य कार्यालयमा हेल्पडेक्स खडा गरिनेछ ।
- जनप्रतिनिधिहरुलाई जनता प्रति थप उतरदायि बनाउन र जनताको पिरमर्काको सुनवाई गर्न जनता सँग नगर प्रमुख कार्यक्रम संचालन गरिनेछ ।
- विभिन्न स्थानिय तहहरुसँग पारस्परिक सहयोग ,अनुभव आदान प्रदान गर्न भगिनि सम्बन्ध स्थापित गरिनेछ ।

## अपेक्षित उपलब्धी

- डुडरी मन्दिर क्षेत्र विकास कार्यक्रम, भ्यू-टावर निर्माण र नगर उद्यान निर्माण कार्यले नगरपालिकामा आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउन मद्दत पुग्नुका साथै नगरपालिकाको आन्तरिक आम्दानीमा बृद्धि हुने अपेक्षा गरिएकोछ ।
- साना शहरी खानेपानी तथा ढल निकास आयोजनाको माध्यमबाट वडा नं. ४ र ५ का अघिकाँश घरमा स्वच्छ खानेपानीको आपुर्ती हुनुका साथै बजार क्षेत्रमा रहेको ढल निकासको समस्याको दिर्घकालिन समाधान हुने अपेक्षा गरिएकोछ ।
- नगर स्टेडियमको निर्माण कार्यले नगर क्षेत्रभित्र रहेका खेल प्रतिभाको विकासमा थप टेवा पुग्ने विश्वास लिइएकोछ ।
- नगर बस संचालन कार्यले नगरबासीहरुलाई नगर क्षेत्रभित्र आवत जावतमा सहजता ल्याउने विश्वास लिइएकोछ ।
- विद्यालय गुणस्तर सुधार सहजकर्ता सम्बन्धी कार्यविधि २०७५ को कार्यान्वयनले निजि श्रोतमा संचालितसामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारमा महत्वपूर्ण टेवा पुग्ने देखिन्छ।
- कृषि एवं पशुपालनमा व्यवसायिकता अभिवृद्धि भई खाद्य तथा मासु जन्य पदार्थकमा आत्म निर्भरता बढ्दै जानेछ ।
- काठे पुल विस्तापनको नीतिले जोखिम न्यूनीकरण हुने विस्वास गरिएको छ ।
- सहभागिता समावेशीको सिद्वान्तलाई उच्च प्राथिमकता दिई यस नगरपालिकामा उपलव्ध जनशक्तीलाई काम प्रति उत्प्रेरित र उत्साहित गर्दै उनीहरुको मनोबल उच्च बनाउदै पुरुष्कृत गरि कार्यालयको काममा प्रभावकारीता आउने विश्वास लिइएकोछ ।

- पूर्वाधार विकासका माध्यमबाट शहरी सडकको गुणस्तरमा सुधार आई आर्थिक गतिविधिमा बढोत्तरी हुने अपेक्षा रहेको छ ।

अन्त्यमा माथि प्रस्तुत गरिएको नीति तथा कार्यक्रम मार्फत यस महाकाली नगरपालिकाको आर्थिक,सामाजिक,साँस्कृतिक एवं सस्थागत विकास एवं सु-शासनका क्षेत्रमा रुपान्तरण हुने विश्वासका साथै सम्पूर्ण नगरबासीको जीवन स्तरमा सुधार आउने अपेक्षा राख्दै आर्थिक बर्ष २०७५/०७६ को नीति तथा कार्यक्रम अनुमोदनका लागि नगर सभा समक्ष पेश गर्दै विदा हुन्छ ।

धन्यवाद-